ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय: बुटवल-१०, कालिकानगर, रुपन्देही

फोन: ०७१-४३८९५१, ४३८९२९, ४३८९५३ **फ्याक्स:** ०७१-४३८९५४

Email: info@gblbs.com.np, URL: www.gblbs.com.np

लेखापरीक्षण नभएको वित्तीय विवरण

आर्थिक वर्ष २०७८/७९ (तेस्रो त्रैमास)

रु. हजारमा

क्र. स.	विवरण	मिति		
		२०७८ चैत्र मसान्त	२०७८ पौष मसान्त	२०७७ चैत्र मसान्त
१.	**कुल पुंजी तथा दायित्व** (१.१ देखि १.७ सम्म)	१६,८०३,८२३	१६,८८१,३३५	१६,५१५,२९०
१.१	चुक्ता पुँजी	९८२,५००	९८२,५००	९८२,५००
१.२	जगेडा तथा कोषहरु	१,२२८,९६२	१,२०४,९८३	७४९,३७८
१.३	ऋणपत्र तथा बण्डहरु	–	–	–
१.४	सापटी	६,८४६,५०२	६,९२३,५५१	७,२०२,६४९
१.५	निक्षेपहरु (क+ख)	३,९३५,२०९	३,९२५,२२७	३,९३६,९३३
	क) सदस्य	३,९३५,२०९	३,९२५,२२७	३,९३६,९३३
	ख) सर्वसाधारण	–	–	–
१.६	आयकर दायित्व	१२१,४९४	८१,४४०	१२२,४९४
१.७	अन्य दायित्व	३,६८९,१५६	३,७६३,६३४	३,५२१,२५६
२	**कुल सम्पति** (२.१ देखि २.७ सम्म)	१६,८०३,८२३	१६,८८१,३३५	१६,५१५,२९०
२.१	नगद तथा बैंक मौज्दात	४४३,४०२	५६४,३५२	७३२,९२१
२.२	माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	–	–	–
२.३	लगानी	२,०२५	२,०२५	१,०३२,०२५
२.४	कर्जा तथा सापट	१४,१३५,७४२	१३,९५०,१९२	१२,५४०,०६३
२.५	स्थिर सम्पति	२५,४४१	२५,१११	२८,८३८
२.६	गैर बैकिङ्ग सम्पति	–	–	–
२.७	अन्य सम्पतिहरु	२,१९७,२१३	२,३३९,६५५	२,१८१,३६३
३	**नाफा नोक्सान हिसाब**			–
३.१	ब्याज आम्दानी	१,५००,४५५	१,००१,४०६	१,२६४,९४६
३.२	ब्याज खर्च	५८४,७८०	३६९,२११	४०३,३८५
क	**खुद ब्याज आम्दानी** (३.१-३.२)	९१५,६७५	६३२,१९५	८६१,५६१
३.३	कमिशन तथा अन्य सञ्चालन आम्दानी	१४९,२२६	१०५,७९४	१५८,२९०
३.४	सटही घटवढ आम्दानी/नोक्सान (खुद)	–	–	–
ख	**कुल संचालन आम्दानी** (क+३.३+३.४)	१,०६४,९०१	७३७,९८९	१,०१९,८५१
३.५	कर्मचारी खर्च	४२४,७५१	२९५,१३३	४८०,७०१
३.६	अन्य सञ्चालन खर्च	८८,६५४	५२,९४३	७४,१६३
ग	**सम्भावित नोक्सानी व्यवस्थाअघिको सञ्चालन मुनाफा** (ख-३.५-३.६)	५५१,४९६	३८९,९१३	४६४,९८७
३.७	सम्भावित नोक्सानी व्यवस्थाहरु	१३३,२६५	१०४,४४०	१६७,४३२
घ	**सञ्चालन मुनाफा** (ग-३.७)	४१८,२३१	२८५,४७३	२९७,५५५
३.८	गैर सञ्चालन आम्दानी/(नोक्सान) (खुद)			९३
३.९	सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	२७,२४६	१३,१३९	१५१,४७८
ङ	**नियमित कारोबारहरुबाट भएको मुनाफा/(खर्च)** (घ+३.८+३.९)	४४५,४७७	२९८,६१२	४४९,१२६
३.१०	असामान्य कारोबारहरुबाट भएको मुनाफा/(खर्च) (खुद)			१८
च	**बोनस तथा करअघिको मुनाफा** (ङ+३.१०)	४४५,४७७	२९८,६१२	४४९,१४४
३.११	कर्मचारी बोनस व्यवस्था	४०,४९८	२७,१४७	४०,८३१
३.१२	आयकर व्यवस्था	१२१,४९४	८१,४४०	१२२,४९४
छ	**खुद नाफा/(नोक्सान) (च-३.११-३.१२)**	२८३,४८५	१९०,०२६	२८५,८१९
४	**अनुपातहरु** (%)			
४.१	पुंजीकोष/जोखिम भारीत रकम	१०.४६%	११.४१%	८.४१%
४.२	निष्क्रिय कर्जा/कुल कर्जा	४.२३%	४.७१%	३.२८%
४.३	कुल कर्जा बापत जोखिम व्यवस्था/कुल निष्क्रिय कर्जा	१५४.५०%	१३८.०५%	१८४.९३%
४.४	Cost of funds (वित्तीय लागत)	८.५१%	७.७०%	६.०८%
४.५	Deposit to credit Ratio (कर्जा/निक्षेप अनुपात)	२७.८४%	२८.१४%	३१.३९%

सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले माथिको अपरिस्कृत वित्तीय विवरणमा थपघट गर्न निर्देशन दिएमा परिस्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ । विगत अवधिको रकमहरुलाई आवश्यकता अनुसार पुनर्समूहकरण तथा पुनर्वर्गिकरण गरिएको छ ।

ब्याजदर

बचतमा ५-८.५ प्रतिशत र कर्जामा १३-१५ प्रतिशत

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३

अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०७८/७९ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. प्रमुख वित्तीय विवरण:

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिक): रू.३८.४७ **मूल्य आम्दानी अनुपात : २२.५६**

प्रति शेयर नेटवर्थ : रू. २२५.०५ **प्रति शेयर कूल सम्पत्ति : रू. १,७१०.३१**

तरलता अनुपात : ४.११ **पूजीकोष अनुपात : १०.४६ प्रतिशत**

२.व्यवस्थापकीय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण: समीक्षा अवधिमा संस्थाको सदस्य संख्या, लगानीमा रहेको कर्जा तथा बचत कारोवार बृद्धिसँगै संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ । बजारमा तरलताको अत्याधिक अभावको कारणले समीक्षा अवधिमा तरलतामा कमी आएको भएतापनि आवश्यक तरलता व्यवस्थापनमा संस्था कटिबद्ध छ । समीक्षा अवधिमा कर्जा तथा मुनाफा सन्तोषजनक बृद्धि भएको वित्तीय विवरणले प्रष्ट पारेको छ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण: राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस संस्थाले लघुवित्त सेवाको पहुँच नेपाल अधिराज्यभर पुऱ्याउने लक्ष्यको साथ कार्य गरिरहेको छ । यस संस्थाको कार्यक्रम फुन बाँकी रहेका जिल्लाहरुमा कार्यक्रम बिस्तारको लागि नयाँ अवसरको पहिचान सहित योजनाबद्धरुपमा संस्थाको कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन भइरहेको छ । आगामी दिनमा सेवालाई ग्राहक सदस्यहरुको चाहना र समय सापेक्ष अझ परिष्कृत गर्दै लैजान व्यवस्थापन लागि रहेको छ ।

ग) बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रबाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण: बर्तमान परिस्थितिमा सम्पूर्ण बैकिङ्ग प्रणालीमा तरलताको अभाव रहेको र यसैको कारण संस्थाको कोषको लागतमा बृद्धि हुन गएको छ । संस्थाको लागि आवश्यक वित्तीय श्रोत समेत उपलब्ध हुन नसकेको अवस्था रहेको छ । मुलकमा श्रृजना हुने विभिन्न किसिमका राजनैतिक, आर्थिक, प्राकृतिक घटना परिघटनाले यस संस्थामा केही असर परेको छ । हालैका दिनमा कोभिड-१९ को महामारीको प्रभाव न्यून हुँदै गइरहेको अवस्थाले संस्थाको कर्जा तथा बचत कारोबारमा नियमितता ल्याई कर्जाको गुणस्तर कायम राख्न व्यवस्थापन लागिरहेको छ ।

३. कानुनी कारवाही सम्वन्धी विवरण :

क) गत त्रैमासिक अवधिमा संस्थालाई प्रतिवादी बनाई कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन । नयाँ Core Banking Software खरिद सम्बन्धमा संस्थाले गरेको निर्णयको विषयमा संस्थालाई प्रतिवादी बनाई दायर भएको मुद्दा सम्मानित सर्वोच्च अदालतको मिति २०७८ चैत्र २१ गतेको आदेशबाट खारेज भएको व्यहोरा अनुरोध छ ।

ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी आदि अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोवार भइरहेको छ । शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ । प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्वन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले उपलब्ध गराएको छ ।

ख) नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार देहाय बमोजिम रहेको छ :

शेयरको अधिकतम मूल्य: रू.१,१३५/- **शेयरको न्यूनतम मूल्य:रू. ८३६/१०**

शेयरको अन्तिम मूल्य: रू.८६८/- **कारोवार भएको कुल दिन: ५८ दिन**

कारोवार भएको कुल शेयर संख्या: ६,४४,३५५ **कारोबार संख्या : ७,२३४**

५) समस्या तथा चुनौती :

समस्या:

(क) तरलतामा अत्याधिक चापको कारण बैकिङ्ग क्षेत्रमा देखिएको तरलता समस्या गहिरिदै जानु

(ख) वित्तीय श्रोतको अभाव र अनिश्चितता ।

(ग) ऋण सापटको स्थिर ब्याजदरको अभाव र ब्याजदर बृद्धि हुदै गइरहेको ।

(घ) कोभिड-१९ को प्रथम, दोश्रो र तेश्रो लहरको संक्रमण जोखिमले प्रभावित ग्राहक सदस्यहरुको परियोजनाहरु कोभिड भन्दा अधिकै अवस्थामा सञ्चालन हुन नसकेकोले किस्ता भुक्तानीमा कठीनाई भएको र यसले लघुवित्त क्षेत्रमा दिर्घकालिन प्रभाव पार्ने देखिएको ।

(ङ) लघुवित्त वित्तीय संस्थाहरु बीच अस्वस्थ्य प्रतिस्पर्धा ।

(च) लघुवित्त वित्तीय संस्थाहरु बीच अस्वस्थ्य प्रतिस्पर्धाले कर्जा लगानीमा दोहोरोपना (बहुबैकिङ्ग) हुनु ।

(छ) कर्जाको ब्याजदर स्थीर रहेको तर कोषको लागतमा अत्याधिक बृद्धि हुँदै गएकोले स्थीर ब्याजदर कायम हुने/नहुने यकिन नभएको ।

रणनीति:

(क) श्रोतको उचित व्यवस्थापन एवम् सुरक्षित लगानीलाई उच्च प्राथमिकता दिई संस्थाका काम कारवाहीलाई थप चुस्त दुरुस्त बनाई प्रतिस्पर्धात्मक ढंगले कार्य अधि बढाउने ।

(ख) खर्चमा मितव्ययिता अपनाउने ।

(ग) कारोबारलाई पूर्णरुपमा यान्त्रीकीकरण गरी सुरक्षित बनाउदै लैजाने ।

(घ) कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि विभिन्न तालिमहरु सञ्चालन गर्ने ।

(ङ) दक्ष र प्रविधिमैत्री जनशक्ती भर्ना गर्दै जाने ।

(च) कर्जा असुलीमा बिशेष जोड दिई कर्जाको गुणस्तर कायम गर्ने ।

(छ) बचत संकलन बृद्धि गरी आन्तरिक श्रोत परिचालन बृद्धि गर्दै जाने ।

६) संस्थागत सुशासन :

संस्थागत सुशासन कायम गर्न संस्थाको सञ्चालक समिति, लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ती शुद्धीकरण अनुगमन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति दायीत्व व्यवस्थापन समिति लगायत विभिन्न आन्तरिक समितिहरु कृयाशील रहेका र सम्पादन गरिएका कार्यहरुको मूल्याङ्कन गर्ने र सोको आधारमा उपयुक्त रणनीति अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरुलाई जारी भएका निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानूनको अनुपालना गरिएको साथै आवश्यकता अनुसार संस्थाको कार्यक्रमलाई सुदृढ बनाउन आवश्यक नीति नियम तथा कार्यविधि बनाई लागू गरिएको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई शुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।